महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone : 4258174
4266034
4255707
AG Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं नेपाल
Babar Mahal, Kathmandu, Nepal


महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

# प्रेस विज्ञप्ती

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७४ असार २६ गते सोमवार

माननीय महालेखा परीक्षकज्यूबाट नागरिक लगानी कोषका अध्यक्ष र लेखापरीक्षण गर्न नियूक्त लेखापरीक्षकहरुसंग लेखापरीक्षणका समसामयिक विषयमा छलफल सम्पन्न भयो । उक्त छलफल कार्यक्रममा महालेखापरीक्षकज्यूवाट नागरिक लगानी कोषको लेखापरीक्षण लामो समयदेखि नहुनु गम्भिर विषय भएको बताउदै सात दिन भित्र लेखापरीक्षणको कार्ययोजना बमोजिम लेखापरीक्षण कार्य अगाडि बढाउन नागरिक लगानी कोषका अध्यक्षलाई निर्देशन दिनुभयो । सोही अवसरमा तोकिएको समयमा कार्य नगरेमा महालेखापरीक्षकबाट थप कारवाही गरिने कुरा जानकारी गराउनु भयो ।

आजै महालेखा परीक्षकज्यूबाट विमा समितिका अध्यक्ष, कार्यकारी प्रमुख लगायतका कर्मचारीहरुसंग विमा व्यवसाय तथा यसको नियमन र राष्ट्रिय विमा संस्थानको लेखापरीक्षण नभएको विषयमा छलफल भयो । छलफलको क्रममा विमा समितिले कानून बमोजिम आफ्नो अनुगमन कार्यलाई प्रभावकारी बनाउनुपर्ने तथा लामो समयदेखि लेखापरीक्षण हुन नसकेको राष्ट्रिय विमा संस्थानको लेखापरीक्षण कार्य भाद्र मसान्त भित्र सम्पन्न गर्न आवश्यक अनुगमन तथा निर्देशन दिनुपर्ने जरुरी रहेको कुरा स्मरण गराउनुभयो ।

२०७४।३।२६

रामुप्रसाद डोटेल
नायव महालेखापरीक्षक/प्रवक्ता